भेडेटार गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भेडेटार, धनकुटा

१ नं. प्रदेश नेपाल

## औषधि खरिद सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०२/०४

यस कार्यालयबाट प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र रु. १००० (फिर्ता नहुने गरि) तिरी यस गाउँपालिकामा जम्मा गरेको भौचर सहित निबेदन साथ संलग्न राखी कार्यालय समय भित्र दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ । दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. ०७३/०७४ को नवीकरण गरिएको कम्पनि दर्ता, फर्म दर्ता, औषधि व्यसायी, आयकर दर्ता तथा मु.अ. कर दर्ता प्रमाणपत्रहरु, कालोसूची नपरेको, कानुनबाट कुनै अयोग्य नभएको पत्र लिखित घोषणा पत्र र अन्य आवश्यक कागजातहरु सहित दरभाउपत्र साथ संलग्न फारम खरिद गर्न निबेदन पेश गर्नुपर्नेछ।

१. दरभाउपत्र खरिद गर्न आउदा रु. १० को टिकट टास गरी निवेदन साथ आवश्यक प्रमाणित कागजातहरु संलग्न गर्नुपर्ने छ। सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म दरभाउपत्र फारम बिक्रि हुनेछ। १६ औ दिनको १२:०० बजे भित्र बिक्रि भएका बोलपत्रहरु यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता हुन आएको दरभाउपत्रहरु सोहि दिन २:०० बजे खोलिने छ। सो दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको २.५% ले हुन आउने रकम यस कार्यालयको नाममा खोलिएको नेपाल बंगलादेश बैंक, भेडेटार शाखामा रहेको धरौटी खाता न. ०५२०००९२१C मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बाणीज्य बैंक ले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको जमानत (वीडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ।

२. दरभाउपत्र खरिद गर्दा कार्यालयको आधिकारिक व्यक्ति को दस्तखत, कार्यालयको छाप लागेको छ छैन हेरि खरिद गर्नु पर्ने छ। दस्तखत तथा कार्यालयको छाप नभएको शिलबन्दी उपर कुनै मान्यता हुने छैन। प्रतिनिधिले दरभाउपत्र खरिद गर्न आउदा अनिवार्य रुपमा मन्जुरिनामा पत्र लिएर आउनुपर्नेछ|

३. शिलबन्दी बिक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम गरिनेछ।

४. शिलबन्दी दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रस्ट रुपमा लेखिएको हुनु पर्नेछ | अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनछ | केरमेट गरेको ठाउमा दस्तखत र छाप हुनु पर्नेछ |

५. औषधिहरु WHO GMP Certified Company बाट उत्पादित औषधिहरु मात्र खरिद गरिनेछ | सप्लाई हुने औषधिहरु प्रत्येक प्याकिङ्को बाहिर उत्पादन मिति, expire date र ब्याच नम्बर लेखिएको हुनपर्नेछ | औषधिको म्याद १८ महिना सम्मको बाकि (expiry date) हुनपर्नेछ |

६. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछी सम्झौता गर्न आउदा कबोल अंकको थप २.५% ले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट जमानत पत्र वा नगदी माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

७. आफुले सप्लाई गरिने औषधिहरुको आधिकारिक पत्र (Authority Letter) स्वदेशी कम्पनीको हकमा उत्पादकहरुबाट र विदेशी कम्पनी भए (National Supplier) बाट लिई पेश गर्नुपर्नेछ |

८. औषधिको ढुवानी तथा अन्य करहरु दरभाउ पत्रवाला स्वयम्ले व्यहोर्नु पर्नेछ । दरभाउपत्रमा उल्लेख भएको औषधिको परिमाण थपघट हुनसक्नेछ |

९. यस सुचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमवाली २०६४ तथा प्रचलित कानुन अनुसार हुनेछ |

१०. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ |

थप कुराहरु बुझ्नुपरेमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ |

प्रमुख प्रशासकीय अधिकृत

Chief Administrative Officer